मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २५३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन १४ गते मंगलबार (Tuesday, July 30. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





# ८७ लाखको कालोपत्रे उक्कियो

## इञ्जिनियरको राजीनामा ❑ भुक्तानी रोक्का

**बिर्तामोड, साउन १३।** वाह्रदशी गाउँपालिका - ३ राजगढमा गरिएको कालोपत्रे गुणस्तरीय नभएको भन्दै स्थानीयले आपत्ति जनाएका छन् ।

निर्माण व्यवसायी र इञ्जिनियरले सडक गुणस्तरीय भएको दावी गरेपनि कालोपत्रे गरिएको सडक उक्किएपछि स्थानीयले विरोध जनाएका हुन् । गाउँपालिकाले सोमवार गरेको अनुगमनका क्रममा मोटरसाइकल स्ट्याण्ड लगाउँदा सडक भासिएको भन्दै विरोध गरेका थिए । ८७ लाख रुपैयाँको लागतमा गाउँपालिकाले राजगढ बजारसहित ३५५ मिटर सडक कालोपत्रे गरेको थियो ।

गत आर्थिक वर्ष नै सडक निर्माणको काम सम्पन्न भए पनि स्थानीयले पटक-पटक सडक गुणस्तरीय नभएको भन्दै आवाज उठाएपछि गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशीले इञ्जिनियर सहितको टोली लिएर सडकको अनुगमन गरेकी थिइन् । सो क्रममा इञ्जिनियर नरेन्द्र श्रेष्ठले सडक गुणस्तरीय भएको भन्दै उपाध्यक्ष राजवंशीलाई सडकको गुणस्तरका विषयमा चित्त नबुझे दमकबाट सडक डिभिजनको इञ्जिनियर ल्याएर गुणस्तर जाँच गर्न भन्दै अनुगमन समिति संयोजक समेत रहेकी उपाध्यक्ष राजवंशी माथि नै जाइलागे ।

शिवसताक्षी निर्माण सेवाका लोकेन्द्र श्रेष्ठलाई सडकको गुणस्तरको विषयमा जानकारी लिंदा उनले सडक गुणस्तरीय भएको दावी गरेका छन् । उनले भने - 'सवारी गुड्ने ठाउँमा फलाम लाग्दा सडक भत्किनु नौलो विषय होइन ।'



यता गाउँपालिका उपाध्यक्ष राजवंशीले समेत सडक गुणस्तरीय नभएको बताएकी छिन् । उनले भनिन् - 'सडक कोट्याउँदा भत्किन्छ, म कसरी गुणस्तरीय भनौं । मलाई प्राविधिक विषयको जानकारी छैन, स्थानीयको गुनासो आएपछि फाइनल अनुगमनका लागि आएकी हुँ ।'

उपाध्यक्ष राजवंशीले इञ्जिनियर श्रेष्ठलाई सडकको गुणस्तर जाँच्न पटक-पटक आग्रह समेत गरिन् । तर, इञ्जिनियर श्रेष्ठले सडक गुणस्तरीय भएको भन्दै सडक जाँच्न मानेनन् ।

वाह्रदशी गाउँपालिका वडा नं.- ३ का अध्यक्ष वीरेन्द्र राजवंशीले पनि सडक गुणस्तरीय नभएको बताएका छन् । उनले भने -'राति सकड कालोपत्रे गरिएकाले सडक गुणस्तरीय हुन सकेन । म आफैं छु यो सडक कालोपत्रे गर्दा, राति साढे आठ बजेबाट सडक कालोपत्रे थालिएको हो, सक्दा झण्डै डेढ १ बजेको थियो ।'

सडक गुणस्तरीय नभएको जनगुनासो आएपछि सडक अनुगमन गरौं भनेकै हो -वडा अध्यक्ष राजवंशीले भने- सडकको गुणस्तरप्रति ८० प्रतिशत सन्तुष्ट भएपनि म आफैं २० प्रतिशत सन्तुष्ट छैन ।

सडक राति कालोपत्रे गरिएको बताउँदै स्थानीयवासी हेमलाल न्यौपानेले भने - यो काम गुणस्तरीय भएन भनेर हामीले त्यतिबेलै भनेको हो, हाम्रा कुरा त्यो बेला कसैले सुनेनन् । राति १ वजेसम्म म आफैं बसेर कालोपत्रे गर्ने बेलामा सघाएको हो -उनले भने - अहिले पानी पर्दा मट्टीतेल जस्तो पदार्थ बग्छ, अलकत्रा त नबग्नु पर्ने हो ।

उनीमात्र होइन स्थानीय अम्विकाप्रसाद बरालले बाटो कमजोर बनाएको बताए । बेलुका घर जाँदा बाटो पिच गरिएको थिएन, बिहान हेर्दा बाटो पिच भइसकेको थियो । थिचाइ कम भएका कारण बाटो यस्तो भएको हुन सक्छ बरालले भने ।

त्यस्तै कमलराज थापाले पनि बाटो निर्माण गर्दादेखि नै बाटो राम्रो भएन भनेर पटक-पटक सम्वन्धित निकायलाई जानकारी दिएको बताएका छन् । दलवहादुर थापाले समेत बाटो गुणस्तरीय नबनेको बताए ।

त्यस्तै दलवहादुर राजवंशीले कालोपत्रे गरेको बाटो पाँच छ वर्ष नविग्रनु पर्ने हो तर ग्राभेल गरेको भन्दा छिटो भत्किएका कारण अचम्म लागेको बताए ।

यता कर्मचारीले गाउँपालिका उपाध्यक्षलाई अनुगमनका क्रममा पत्रकार बोलाएको भन्दै आक्रोश समेत पोखेको स्रोतले जनाएको छ । स्रोत भन्छ - 'अनुगमनकै बिषयलाई लिएर गाउँपालिकामा तालाबन्दी गर्ने अवस्था सृजना भएको थियो । पछि इञ्जिनियर श्रेष्ठले राजीनामा दिएका छन् ।'

इञ्जिनियर श्रेष्ठ गाउँपालिकाले करारमा राखेका कर्मचारी हुन् । गाउँपालिका उपाध्यक्ष राजवंशी, इञ्जिनियर श्रेष्ठ र योजना शाखा प्रमुख तेजप्रसाद रेग्मी राजगढ बजारमा निर्माण गरिएको सडक अनुगमनका लागि मध्यान्ह

(बाँकी अन्तिम पृष्ठमा)

## चेकको पैसा नसाटिँदा पृथ्वीराज पक्राउ

**पाँचथर, साउन १३।** बैकिङ्ग कसुर मुद्दाका फरार प्रतिवादी भक्तपुर सूर्यविनायक नगरपालिका-२ बालकोट बस्ने पाँचथर साविक यासोक-८ घर भएका ४३ वर्षीय पृथ्वीराज चेमजोङलाई गोङ्गबूबाट आइतबार प्रहरीले पक्राउ गरेको छ ।

चेमजोङले मञ्जु श्रेष्ठको नाममा प्रर्याप्त रकम नभएको प्रभु बैंकको खाताको १० लाख ९४ हजार ५ सय रुपैयाँको चेक २०७० असार १४ गते जारी गरेकोमा उक्त चेकबाट नगद भुक्तान हुन नसकी फिर्ता भएको थियो ।

उच्च अदालत पाटनको २०७५ पुस १७ गतेको फैसलाले चेमजोङलाई १५ दिन कैद र १० लाख ९४ हजार ५ सय रुपैयाँ जरिवाना हुने ठहर भएकोमा उक्त सजाय बेरुजु रही फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जको टोलीले पक्राउ गरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरेको हो ।

चेमजोङलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरेकोमा कैद भुक्तानका लागि केन्द्रीय कारागार कार्यालय सुन्धारा काठमाडौंमा पठाइएको छ ।

## प्रहरीलाई घुस दिंदा ...

**काठमाडौं, साउन १३।** काठमाडौं महानगरपालिका -२८ रत्नपार्कमा ड्युटीमा खटिएको प्रहरीलाई नगद एक हजार रुपैयाँ दिई आर्थिक प्रलोभनमा पार्न खोज्ने काठमाडौं जोरपाटी बस्ने २९ वर्षीय नोर्वु तामाङ र काठमाडौं गोकर्णेश्वर नगरपालिका - ७ बस्ने २६ वर्षीय दिबेश लामालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

वादविवाद गरिरहेको अवस्थामा महानगरीय प्रहरी वृत्त सिंहदरवारबाट खटिएको प्रहरीले उनीहरुलाई फेला पारी नियन्त्रणमा लिने क्रममा उनीहरुले उक्त नगद प्रहरीलाई दिन खोजे पश्चात पक्राउ गरिएको हो ।

त्यस्तै भक्तपुर, मध्यपुर ठिमी नगरपालिका -४ नयाँ ठिमी चोकमा प्रहरीलाई आर्थिक प्रलोभनमा पार्न खोज्ने ललितपुर इमाडोल बस्ने संखुवासभा घर भएका २० वर्षीय सञ्जीव योञ्जनलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## बुवाको हत्या गर्ने र घाइते बनाउने पक्राउ

**इलाम, साउन, १३।** आफ्ना बुबालाई धारिलो हतियार प्रहार गर्ने कृष्ण तामाङलाई प्रहरीले पक्राउ गरेको छ । मादक पदार्थ सेवन गरेका तामाङले बुबा पृथ्वीबहादुर तामाङलाई दाउले प्रहार गरी घाइते बनाएको प्रहरीले जनाएको छ ।

घरायसी विवादको क्रममा मादक पदार्थ सेवन गरेका चुलाचुली गाउँपालिका -१ कमल बस्ने ३५ वर्षीय तामाङले बुबा पृथ्वीबहादुरलाई धारिलो हतियार दाउले प्रहार गरी घाइते बनाएको अभियोगमा सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी पेल्टीमारीबाट खटिएको प्रहरीले कृष्णलाई पक्राउ गरेको बताइएको छ ।

उता आफ्नै बुबा ६० वर्षीय अम्बरबहादुर कुमाललाई चिर्पट प्रहार गरी हत्या गरेको अभियोगमा कैलाली गोदावरी नगरपालिका - ५ बस्ने ३० वर्षीय रामबहादुर कुमाललाई प्रहरीले पक्राउ गरेको छ ।

रामबहादुरले आफ्नै बुबालाई चिर्पट प्रहार गर्दा घाइते भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलाली र प्रहरी चौकी गेटाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । चिर्पट प्रहारबाट गम्भीर घाइते भएका अम्बरबहादुरको सेती अञ्चल अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## लागूऔषधसहित १३ जना नियन्त्रणमा

**झापा, साउन १३।** मोरङ, केराबारी गाउँपालिका-१० बगैंचास्थित सुन्दरहरैंचा -८ बस्ने २१ वर्षीय अमित खवास समेत ५ जनालाई लागूऔषध गाँजा करिब १ केजी २ सय ५० ग्रामसहित आइतबार राति प्रहरीले पक्राउ गरेको थियो । इलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले उनीहरुलाई जाँच गर्ने क्रममा उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

काठमाडौं, सुर्खेत, स्याङजा, मोरङ, बारा र सुनसरीका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं, नागार्जुन नगरपालिका -४ बाफलबाट चन्द्रागिरी नगरपालिका-६ घर भएका २४ वर्षीय सुजन खड्का समेत २ जनालाई लागूऔषध नोर्फिन ४५ एम्पुल, डाईजेपाम ४५ एम्पुल र फेनारगन ४५ एम्पुलसहित आइतबार राति प्रहरीले पक्राउ गरेको हो । महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको बताइएको छ । सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-१० स्थित मुस्कान अटो ग्यारेज सञ्चालन गरी बस्ने २४ वर्षीय मनु राईलाई लागूऔषध ब्राउनसुगर २ ग्राम २ सय मिलिग्रामसहित आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको थियो ।

स्याङ्जा, वालिङ नगरपालिका-१० भकुण्डेबाट स्याङ्जा भिरकोट नगरपालिका-५ बस्ने २६ वर्षीय भीमबहादुर सेनसहित ४ जनालाई लागूऔषध ब्राउनसुगर १६.५ ग्रामसहित प्रहरीले पक्राउ गरेको थियो । वडा प्रहरी कार्यालय वालिङबाट खटिएको प्रहरीले बुटवलबाट पोखरातर्फ जाँदै गरेको ना.६ ख १२६७ नम्बरको बस जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित पक्राउ गरेको हो ।

बारा, जितपुर सिमरा उपमहानगरपालिका-२३ बाट भारत घर भएका ३२ वर्षीय सलमगिर देवानलाई लागूऔषध गाँजा करिब ४

(बाँकी अन्तिम पृष्ठमा)

## १३ लाख चोर्ने र तास खेल्ने प्रहरीको नियन्त्रणमा

**मोरङ, साउन १३।** नगद १३ लाख ५० हजार रुपैयाँ चोरी गरेको अभियोगमा कटहरी गाउँपालिका-१ बस्ने २० वर्षीय सुरज कामतलाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

गत साउन ७ गते विराटनगर महानगरपालिका-१ बस्ने मोतीराज दाहालको घरबाट उक्त नगद चोरी गरी फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले विराटनगर महानगरपालिका -१ मा फेला पारी पक्राउ गरेको हो । उनको साथबाट चोरी गरेको नगद ३ लाख ८१ हजार रुपैयाँ र मोबाइल १ थान समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

उता सुनवल नगरपालिका- १२ भटौली बस्ने देबेन्द्र खड्काको टहरामा जुवातास खेलिरहेको अवस्थामा रामग्राम नगरपालिका-११ बस्ने ५९ वर्षीय अशोककुमार रायसहित १३ जनालाई नगद ६४ हजार ६ सय ४५ रुपैयाँ र ६ बुङ ताससहित प्रहरीले पक्राउ गरेको छ ।

## गौरादहमा दीर्घ रोगीको निःशुल्क उपचार

**बिर्तामोड,साउन १३।** गौरादह नगरपालिकाले ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क औषधि उपचार गर्ने भएको छ ।

सबै नागरिकलाई स्वस्थ राख्न राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा थप गर्दै ७० वर्ष माथिका दीर्घ रोग (उच्च रक्तचाप र मधुमेह)का विरामीलाई निःशुल्क औषधि बितरण गर्ने भएको हो ।

ज्येष्ठ नागरिकको आवश्यकता बमोजिमको उपयुक्त स्वास्थ्य सेवा, हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गर्दै विरामीलाई निःशुल्क सेवा प्रदान गरिने नगरपालिका प्रमुख रोहितकुमार साहले बताए । उनले भने - यस वर्षबाट हामीले स्वास्थ्य नीति निर्माण गरी सेवा प्रवाह, अति विपन्न परिवारका एक सय महिलाहरुको निःशुल्क स्वास्थ्य विमा, विपन्न ५० नागरिकलाई निःशुल्क स्वास्थ्य विमा, बालबालिकामा कुपोषणको समस्या देखिए नगरस्वास्थ्य शाखाको सिफारिसमा रु. दुई हजार रुपैयाँ प्रदान गर्छौं ।

स्वास्थ्य विमालाई प्रभावकारी बनाउन गौरादह हेल्थ पोष्टमा एमवीवीएस डाक्टरको सेवा समेत उपलव्ध गराउछौं -अध्यक्ष साहले भने -जसका लागि दुई जना डाक्टर, दुई जना स्टाफ नर्स, एक जना रेडियो ग्राफर, एक जना ल्याव टेक्निसियन राखेर डिजिटल एक्स-रे सेवा समेत सञ्चालन गरिने छ ।

नगरलाई मातृ शिशु मृत्युदर नभएको नगरको रुपमा घोषणा गर्ने र गर्भवती महिलाको निःशुल्क स्वास्थ्य जाँच तथा उचित परामर्शको व्यवस्थाका लागि समेत विशेष कार्यक्रम सञ्चालन गरिने बताइएको छ । बालबालिकामा दाँत सम्वन्धी रोग अत्यधिक देखापर्ने भएकाले दाँत तथा मुखको क्यान्सर सम्वन्धी स्वास्थ्य शिविर सञ्चालन गर्दै त्यस्ता विबरामी भेटिएमा निःशुल्क औषधि उपचार गर्ने गाउँपालिका अध्यक्ष साहले बताए ।

सुत्केरी महिलालाई दुई सन्तान जन्मिँदा सम्म रु. दुई हजार रुपैयाँ पोषण भत्ता दिने र बालस्वास्थ्य र महिला स्वास्थ्यको विषयमा प्रत्येक वडामा सचेतनाका कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

## पढाई खर्च जुटाउन यार्सा बेच्दै मुगूदेखि झापा

❑ **विष्णुप्रसाद पोखरेल**

**दमक, साउन १३।** नाम ढलक रोकाय क्षेत्री । उमेर १८ बर्ष । गाँउघरमा बोलाउने नाम टाइगर ।

घर मुगू जिल्लाको हिमा गाँउपालिका वडा नं. -३ सुमल गाँउ । उनले यसै बर्षमात्र एसईई परीक्षा दिएका हुन् र अब कक्षा ११ को तयारी गर्दै छन् । पढाइ खर्च जुटाउनका लागि मुगूदेखि झापासम्म यार्सागुम्बा बेच्दै आएका छन् उनी ।

दमक -६ स्थित एक कार्यालयमा यार्सागुम्बाको बारेमा जानकारी दिँदै किन्नका लागि आग्रह गर्दै गरेको अवस्थामा भेटिएका क्षेत्री दुई साताअघि दमक आइपुगेका हुन् । मुगूबाट सिधै झापा आएका हौं -क्षेत्रीले भने । आफूभन्दा ठूला दाइहरुसँग यहाँ आएको क्षेत्रीले बताए ।

यार्सागुम्बा, केशर, शिलाजीत, जेठीमधू लगायतका जडिबुटीहरु लिएर आएको र दिनभर ग्राहक खोज्दै हिँड्ने गरेको उनले बताए । राति सामुहिक रुपमा सस्तो होटलमा बस्ने गरेको उनले बताए । उनले भने -हामी ८ जना आएका छौं र दिउँसोभर छरिएर ब्यापार गर्छौं ।



ढलक रोकाय क्षेत्री

पढाइ खर्च जुटाउन आफू यसरी जडिबुटी बेच्दै आएको क्षेत्रीले बताए । अब सुर्खेत वा काठमाडौं गएर पढ्ने बिचार छ- क्षेत्रीले भने । स्थानीय भैरव माध्यमिक विद्यालयबाट आफूले एसईई परीक्षा दिएको उनले बताए ।

प्रायःजसो यार्सागुम्बा जाडोको मौसममा टिप्नका लागि बुबाआमा जाने गरेको उनले सुनाए । हामी साना मान्छेहरुलाई जान दिँदैनन् र जाने गरेका छैनौं- उनले भने । अब बर्षमा एकपटक यता आउने भन्दै क्षेत्रीले भने-अहिले यार्सागुम्बा खाएर हेर्नुहोस् र मलाई फोन गर्नुहोस् फेरि चाहियो भने म ल्याइदिन्छु ।

आफूहरुले दैनिक २ हजारदेखि ३ हजार रुपैयाँसम्मको यार्सागुम्बा र अन्य जडिबुटी बेच्ने गरेको उनले बताए ।

आफुहरुले दैनिक २ हजारदेखि ३ हजार रुपियासम्मको यार्सागुम्बा र अन्य जडिबुटी बेच्ने गरेको उनले बताए ।

यो पटक कम्तीमा पनि एक बर्षको पढाइ खर्च जुटाउन सक्छु भन्ने लागेको छ- क्षेत्रीले भने ।


सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)



**बाँसको भरमा विद्युत पोल** : *झापाको बाह्रदशी गाउँपालिका–२ मोटापानीमा बाँसले अड्याइएको विद्युतको पोल । फोटो : रासस*

# अर्जुनधारामा जल चढाउनेको नि:शुल्क उपचार

**बिर्तामोड, साउन १३।** श्रावणी पर्वको अवसर पारेर पूर्वको पशुपतिनाथका नामले परिचित अर्जुनधारा जलेश्वर धाममा हजारौं भक्तजनले सोमबार जलार्पण गरेका छन् ।

हरेक वर्ष धाममा श्रावणी पर्वको अवसरमा जल चढाउन भारतको सिक्किम, दार्जीलिङ, कालेङ्पोङ लगायत नेपालका विभिन्न ठाउँवाट भक्तजनहरुको घुइँचो लाग्ने गरेको छ ।

जलार्पण गर्न आउने भक्तजनको स्वास्थ्यलाई ध्यानमा राखेर अञ्जलि हस्पिटल प्रालिले विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरेको थियो । अञ्जलि हस्पिटलको प्राविधिक सहयोगमा स्वास्थ्य शिविरको आयोजना गरिएको कार्यक्रममा अस्पतालका अध्यक्ष कुलप्रसाद खरेल, सञ्चालक समिति सदस्य भानु शिवाकोटी, सदस्य खगेन्द्र खरेलको आतिथ्य रहेको थियो । मन्दिरमा नि:शुल्क स्वास्थ्य शिविरको कार्यक्रमलाई आगामी हप्तामा पनि निरन्तरता दिइने सञ्चालक सदस्य शिवाकोटीले बताए । शिविरमा चार सयभन्दा बढीले स्वास्थ्य सेवा लिएको बताइएको छ ।




त्यसैगरी एक्सल डेभलपमेन्ट बैंक विर्तामोडले जल चढाउन आउने महिलाहरुको सौभाग्यका सामान, चुरा, पोते, धागो लगायत विभिन्न श्रृङ्गारका सामानहरु वितरण गर्नुका साथै नि:शुल्क बैंक खाता खोल्ने व्यवस्था मिलाएको थियो ।

त्यस अवसरमा इलाम-झापा मैत्री संघ वुद्धशान्ति शाखाले सर्वत पानी वितरण गरेको थियो भने मारवाडी सेवा समिति विर्तामोडले चिया, पानी नि:शुल्क वितरण गरेको थियो ।

धामका मूल अर्चक अग्निप्रसाद सिग्देलले श्रावणीपर्वको महिमाको बारेमा र भगवान शिवको महत्वका विषयमा प्रवचन दिएका थिए ।

धाममा शिव मन्दिर, विष्णु मन्दिर र अन्य मन्दिरमा पूजाआजा गर्नेको जहिल्यै भीडभाड भइरहन्छ । खासगरी महाशिवरात्री, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति आदि अनेक पर्वमा अत्यन्त घुइँचो हुन्छ । जाँड-रक्सी र धुम्रपान निषेधित अर्जुनधारा धाम क्षेत्र परिसर भित्र अर्जुनले वाण हानी पानी निकालेको प्राचीन पोखरीको बीचमा अर्जुनले गाईलाई पानी खुवाई रहेको मूर्ति स्थापना गरिएको छ । सात कुने उक्त पोखरीको दक्षिणतर्फ पञ्च धातुबाट निर्मित ५ वटा धाराहरू छन् जसबाट निरन्तर चिसो पानी बगिरहन्छ भने पोखरीभित्र विभिन्न जातका रङ्गीविरङ्गी माछाहरू छन् ।

२०५५ सालको हुलाक टिकटमा समेत चित्रांकित अर्जुनधारा क्षेत्रमा प्रत्येक वर्ष लाखौं स्वदेशी तथा भारतीय तीर्थ यात्रीहरूले भ्रमण गर्ने गरेका छन् । यहाँ शिव, गणेश, नाग, हनुमान र सरस्वती आदि देवीदेवताका मूर्तिहरूका अतिरिक्त विवाह, कर्मकाण्ड, यज्ञकक्ष, किरियापुत्र कक्ष, धर्मिक कार्यक्रम वाचन तथा श्रोता कक्ष आदिको स्थापना गरिएको छ ।

यो धाम पूर्वीय दर्शनमा आधारित एवम् संस्कृत शिक्षाबाट प्रभावित रहेको छ । यस स्थानमा संस्कृत मावि र वेदविद्यापीठ समेत स्थापना गरिएको छ । कालिका स्थानको गार्गी विद्यापीठ भने गुरुकुल शिक्षा पद्धतिमा आधारित छ । अर्जुनधारा परिसरभित्र सञ्चालित वेद विद्यापीठमा व्राम्हण लगायत सम्पूर्ण जातजातिका विद्यार्थीहरुलाई समेत पढाउने गरिएको छ ।

अर्जुनधारामा प्रत्येक वर्ष बालाचतुर्दशी र श्रावण महिनाभर मेला लाग्ने गर्दछ । त्यस अवसरहरूमा देश भित्रका र भारतबाट समेत भक्तजनहरूआउने गर्छन् ।

महाभारतकालमा पाण्डवहरू लुकेर यिनै स्थानमा गुप्तवास भंग गर्न विराट राजाका नौ लाख गाईहरू हरण गरी लगेको तथा कौरवहरूले गाई हरण गरेको स्थान गौ हरण तथा यसको अपभ्रंश भई गोरूवा हुँदै गरूवा भएको बताइन्छ । जुन स्थान हाल इलाम जिल्लाको दानाबारीमा पर्दछ । हरण गरेर लगेका गाईहरु कौरव पक्षले गौहटी (हाल आसाम राज्यको गुहाटी) पुऱ्याएका थिए र पाण्डव पक्षका वीर योद्धा बृहन्नला (नपुंसक) को रूपमा लुकेर बसेका अर्जुनले लुटिएका गाईहरू कौरवहरूसँग युद्ध गरी फिर्ता ल्याउँदा अत्यन्त तिर्खाएकाले जलदेवता भगवान शिवको आराधना गरी जमिनमा पर्जन्य अस्त्र (पानी निकाल्ने यन्त्र,वाणको माध्यम) ले पानी निकाली गौमातालाई खुवाएको स्थानका रूपमा यस स्थानलाई लिइन्छ ।

यहाँ निरन्तर धाराको रूपमा पानी बगिरहेको हुनाले यसलाई अर्जुनधाराधाम भनिएको हो भन्ने किंवदन्ती छ ।

# कक्षा १२ को नतिजा सार्वजनिक

**झापा, साउन १३।** राष्ट्रिय परीक्षा बोर्डले गत वैशाखमा सञ्चालन गरेको कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ ।



सोमबार सार्वजनिक गरिएको नतिजा अनुसार उच्च तह ३.६१ देखि ४.०० जीपीए प्राप्त गर्ने विद्यार्थीको संख्या ३ हजार ६७ जना रहेको छ ।

परीक्षामा नियमित, ग्रेडवृद्धि र आंशिकतर्फ गरी कूल ४ लाख २८ हजार ६७ परीक्षार्थी सहभागी थिए । नियमिततर्फका २ लाख ९२ हजार १ सय ५३ परीक्षार्थीमध्ये ३ हजार ६७ जनाले मात्र उच्च तहको जीपीए प्राप्त गरेका हुन् । ३.२१ देखि ३.६० जीपीए ल्याउने विद्यार्थीको संख्या १६ हजार २ सय ४ जना रहेको छ ।

ग्रेडिङ पद्धतिअनुसार ९ वटा तहको ग्रेडअनुसार बोर्डले नतिजा सार्वजनिक गरेको हो । ३१ हजार विद्यार्थीले २.८१ देखि ३.२० जीपीए प्राप्त गरेका छन् । २.४१ देखि २.८० जीपीए ल्याउनेको संख्या ५६ हजार ५ सय ३ जना रहेको छ । सबैभन्दा धेरै विद्यार्थीले मध्यमस्तरको जीपीए प्राप्त गरेको बोर्डले जनाएको छ । २.०१ देखि २.४० जीपीए ल्याउने विद्यार्थी ८६ हजार २ सय २७ जना रहेका छन् । १.६१ देखि २.०० जीपीए ल्याउने विद्यार्थी ६२ हजार ६ सय १९ जना छन् । १.२१ देखि १.१६० प्राप्त गर्नेको संख्या १९ हजार रहेको छ भने ०.८१ देखि १.२० ल्याउने परीक्षार्थी ३ हजार ५ सय २४ जना छन् । सबैभन्दा कमस्तरको ०.० देखि ०.८० ल्याउने विद्यार्थी १३ हजार ३ सय ६२ जना रहेका छन् ।

ग्रेड वृद्धितर्फ ७८ हजार ७ सय ४४ परीक्षार्थी परीक्षामा सहभागी थिए । आंशिकतर्फ ४१.८३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । ५७ हजार १ सय ७० परीक्षार्थीले आशिंकतर्फ परीक्षा दिएकोमा २३ हजार ९ सय १५ जना मात्र उत्तीर्ण भएका हुन् । बोर्डले गतवर्ष देखि कक्षा १२ को नतिजा ग्रेडिङ पद्धतिअनुसार प्रकाशित गर्न थालेको हो ।

## पानी तान्ने मोटरले ज्यान लियो

झापा, साउन १३ । पानी तान्ने मोटरबाट करेन्ट लागेर झापामा एक युवक मृत्यु भएको छ ।

मृत्यु हुनेमा कनकाई नगरपालिका-२, सेल्फीडाँडाका १९ वर्षीय सोम किस्कू रहेको प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले बताए ।

सोमबार बिहान सोही गाउँका टेकनारायण संग्रौलाको प्लटिङ जग्गामा काम गर्न जाँदा खेतमा जमेको पानीलाई मोटर लगाएर तान्ने क्रममा विद्युतको नाङ्गो तार छोइँदा उनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ ।

करेन्ट लागेर गम्भीर घाइते किस्कूको उपचारको क्रममा बिर्तामोडस्थित बिर्ता सिटी अस्पतालमा मृत्यु भएको हो ।

**स्टेशनरी पसल विक्रीमा**

बिर्तामोडस्थित मनकामना कलेज अगाडि चालू अवस्थामा रहेको स्टेशनरी पसल तु–विक्रीमा छ ।

**सम्पर्क : ९८२४००४९१८**

# बेपत्ता राई मृत फेला

**खोटाङ, साउन १३।** खोटाङ केपिलासगढी गाउँपालिका -१ फेदी बस्ने ४९ बर्षीया भुइमाया राई मृत अवस्थामा फेला परेकी छिन् ।

साउन ८ गते घरबाट हिँडेर बेपत्ता भएकी राईको श्रीमान डम्बर गुरुङसहित स्थानीयको सहयोगमा खोजतलास गर्ने क्रममा आइतवार भोजपुर ट्याम्केमयुम गाउँपालिका -२ छिनामखूको धोत्रेको पाटीडाँडामा शब फेला परेको बताइएको छ । खोटाङ केपीलासगढी गाउँपालिका -१ का वडा सदस्य शिवराज राईले जिल्ला प्रहरी कार्यालय भोजपुरमा जानकारी गराएपछि प्रहरी टोलीले अनुसन्धान गरिरहेको बताइएको छ ।

### ८७....

१२ वजे पुगेका थिए । सडक गुणस्तरीय नभएको भन्दै पटकपटक आवाज उठेपछि गाउँपालिकाले भुक्तानीसमेत रोकेको बताइएको छ ।

### प्रहरीलाई....

महानगरीय प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले भक्तपुरबाट काठमाडौंतर्फ जाँदै गरेको बा.३५ प ६१७८ नम्बरको मोटरसाइकलले ट्राफिक संकेत उल्लङ्घन गरेकोमा मोटरसाइकल रोकी कागजपत्र माग्दा चालक योञ्जनले प्रहरीलाई नगद दिन खोजे पश्चात उनलाई पक्राउ गरेको हो ।

### लागूऔषध....

केजीसहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय जितपुरबाट खटिएको प्रहरीले पथलैयाबाट जितपुरतर्फ जाँदै गरेको ग.३ प ९०४० नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक देवानलाई उक्त परिमाणको लागूऔषध सहित पक्राउ गरेको हो ।

**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाघनडुब्बा, झापा प्रदेश नं. १ नेपाल**

**स्थानीय दररेट निर्धारणका लागि दररेट पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०७६।०४।१३)*

यस झापा गाउँपालिकाले आ.व. २०७६।०७७ मा विभिन्न प्रकारका खरिद गर्नुपर्ने र सोका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय दररेट निर्धारण गर्नुपर्ने भएकाले मिति २०७६।०३।१३ मा सम्पन्न गाउँसभाको निर्णयानुसार गठित स्थानीय दररेट निर्धारण समितिको मिति २०७६।०४।१३ को निर्णयानुसार देहायका सामग्रीहरुको यर्थाथ लागत मूल्य पेश गर्न सम्वन्धित सवैमा अनुरोध छ । लागत अनुमान ( दररेट, मूल्य ) पछिसम्म फरक नपर्ने गरी गाउँपालिकाको Email (jhapagaunpalika@gmail.com) वा स्वयम् उपस्थित भई सूचना प्रकाशन भएको मितिले ७ ( सात ) दिन भित्र पेश गर्नु हुन सम्वन्धित सवैमा अनुरोध छ । साथै आवश्यक सामग्रीहरुको List गाउँपालिकाको वेवसाइट www.jhapamun.gov.np बाट डाउनलोड गर्न समेत सकिने व्यहोरा पुन अनुरोध छ ।

**देहाय :**

१) छपाई सम्वन्धि कार्य
२) स्टेशनरी तथा मसलन्द सम्बन्धि कार्य
३) यन्त्र उपकरण तथा मेशिनरी औजार
४) औषधिहरु
५) पशु सम्बन्धि औषधि
६) कृषि सम्बन्धि उपकरणहरु
७) आयुर्वेद सम्बन्धि औषधि
८) विरुवाहरु (रुख, फलफुल आदि)
९) इलेक्ट्रीकल आइटमहरु
१०) साइकल (लेडिज, जेन्स )
११) स्वास्थ्य सम्बन्धि उपकरणहरु
१२) मोटरसाइकल
१३) अन्य विविध सामग्रीहरु

संयोजक
**स्थानीय दररेट निर्धारण समिति**

नोट :- सार्वजनिक खरिद ऐन बमोजिम सूचीदर्ताको कार्य पनि प्रारम्भ भएको व्यहोरा अुनरोध छ ।

**अनन्त बचत तथा ऋण सहकारी संस्था लिमिटेडको**
**साधारणसभा सम्बन्धी सूचना**

यस **अनन्त बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, विर्तामोड नगरपालिका वडा नं -४, झापाको चौथो साधारणसभा, दोस्रो अधिवेशन तथा पाँचौं सम्मेलन निम्न मिति, समय र स्थानमा गर्ने भन्ने निर्णय भएकोले यस संस्थाका सवै शेयर सदस्यज्यूहरुलाई पत्र पठाई सकिएको छ । कुनै कारणवस पत्र प्राप्त हुन नसकेमा यसै सूचनालाई आधारमानी सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

तपशिल
मिति: २०७६ साल श्रावण महिनाको १८ गते (शनिवार)
समय: विहानको ठिक १०:३० बजेदेखि
स्थान: बृद्धाश्रमको प्राङ्गण, विर्तामोड नगरपालिका वडा नं ४, १ कि.मि. चौक पश्चिम (देव शान्ति टोल शाखा सडक संख्या ४)

**रविना संग्रौला** (सचिव) | **गोकुलप्रसाद अधिकारी** (अध्यक्ष)

**सूचना ! सूचना !!**

यस मेची आँखा अस्पतालले प्रदेश नं.१ अन्तर्गत (झापा, इलाम, पाँचथर, ताप्लेजुङ्ग) का विभिन्न स्थानहरुमा स्थानीय आयोजकहरु तथा नगरपालिका, गाउँपालिका, वित्तीय संस्थाहरु आदिको सक्रिय सहभागितामा नेत्र परीक्षण तथा नेत्र शल्यक्रिया शिविरहरु प्रत्येक वर्ष नियमित रुपमा आयोजना गरिरहेको यहाँहरुलाई अवगत नै छ । सोही अनुसार यस वर्ष पनि एक दिने नेत्र परीक्षण र तीनदिने नेत्र शल्यक्रिया शिविर गराउन इच्छुक स्थानीय आयोजक एवम् संघ संस्थाहरुलाई आफूले कार्यक्रम गराउन चाहेको मिति तथा स्थान खुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र निवेदन दिनु हुन हार्दिक अनुरोध गर्दछौं । प्राप्त निवेदनहरुको स्थान र मिति परिवर्तन गर्ने, शिविर संख्या तोक्ने अधिकार यस अस्पताल प्रशासनको रहनेछ ।

उपरोक्त मिति पश्चात प्राप्त निवेदनहरुमाथि कुनै कारवाही हुने छैन । निवेदन दिने संघ संस्थाका प्रतिनिधिहरुले विस्तृत जानकारीका लागि निवेदन दिने अन्तिम दिनको ७ औं दिनमा (२०७६/०५/०९ ) अस्पतालमा अनिवार्य ( स्वयम् ) उपस्थित हुनु पर्ने छ ।

**मिति : २०७६/०५/०९ सोमबार**
**समय : विहान १०:३० बजे**
**स्थान : मेची आँखा अस्पताल सभाहल**

सम्पर्क : **मेची आँखा अस्पताल, विर्तामोड –३,**
: **प्रशासन फाँट**
फोन नं.: ०२३–५४१९९२/९३/५४०१५३
Email : mecc@ntc.net.np
नोट: Email मार्फत पनि निवेदन राख्न पाइनेछ ।

**सूचना ! सूचना !!**

मिति २०७६ साल श्रावण १० गते शुक्रवारका दिन बसेको क्यान महासंघ झापाको बैठकको निर्णय अनुसार यस क्यान महासंघ झापा शाखाको चौथो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन निम्न मिति र स्थानमा गरिने भएको हुँदा सम्पूर्ण साधारण सदस्य, संस्थागत सदस्य तथा आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**स्थान : भद्रपुरोड IIT भएको बिल्डिङको सभाहल**
**समय : ठीक ११:00 बजे (विहान)**
**मिति २०७६ साल भाद्र ७ गते शनिवार**

सचिव
**क्यान महासंघ झापा शाखा**

**वितरक आवश्यकता**

लक्ष्मीपुरदेखि चारपाने हुँदै शनिश्चरे–मदनपुर–सिस्ने–खुदुनावारी–जुकेखाडी वनसम्म पत्रिका वितरण गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

तलब: ११,०००।– खर्च कटाएर १० देखि १२ हजार बचाउने ।
नोट: आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।
मो. ९८०१४०४०००, ९८१६६४१५७३

**फ्ल्याट भाडामा छ**

बिर्तामोडको भद्रपुर रोडस्थित NIC Asia बैंक अगाडि हिरो शो–रुम भएको घरको दोस्रो तल्लामा रहेको अफिस प्रयोजनका लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

**सम्पर्क : ०२३–५४३२४८ /९८०४९९९६९५**

**अर्जेन्ट आवश्यकता**

बिर्तामोडस्थित एक प्रतिष्ठित टेम्पो ग्यारेजको लागि एक जना **हेड मिस्त्री (मेकानिक)** र दुई जना **हेल्पर**को आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला । तलब आपसी समझदारीमा तय गरिने छ ।

नोट : खाना तथा बस्नको सुविधा छ ।
–बाइक तथा साइकल ग्यारेजमा काम गरेकालाई प्राथमिकता दिइने छ ।

**सम्पर्क नं. ९८१६०२३१८५/९८६२६८१६५९**

**Vacancy Announcement**

**Birat Jyoti English School** Announce Vacancies for the following Post.


| S.No. | Post | Minimum Qualification | No. |
|---|---|---|---|
| 1. | Pre- Primary Teacher | + 2 Pass | 2 |
| 2 | Accountant | Bachelor Pass in Related Field | 1 |

Interested Candidates are requested to submit their hand written application with CV before 17 of this month. Salary is negotiable. Candidates must have good command in both spoken and witten English .

**Birat Jyoti English School**
Birtamod -3, Jhapa (Sainikmode)
Contact 023-542708 / 9852679300

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## बाढी, पहिरोको कारण खोजौं !

इलाम सन्दकपुरको एउटा गाउँ नै पहिरोका कारण विस्थापित बनेको छ । सन्दकपुर गाउँपालिका वडा नं. ५ को गैरीगाउँका बाह्र घरपरिवार पहिरोको जोखिममा परेपछि विस्थापित भएका हुन् । सो गाउँमा रहेका घरहरुमा धाँजा फाटेर पानी रसाउन थालेपछि उनीहरुलाई अन्यत्र राखेर सुरक्षित गर्नुपरेको छ । वर्षाका समय बाढी, पहिरो, डुवान लगायतका समस्या आउनु सामान्य नै हो । तर, यस्तो अवस्था आउँछ भन्ने जान्दाजान्दै प्रतिरक्षा वा पूर्व तयारी नगर्नु असामान्य अवस्था हो । त्यही भएको छ धेरै सन्दकपुरहरु र त्यहाँका बासिन्दालाई ।

सन्दकपुर प्रतिनिधि ठाउँ हो । नेपालको गुल्मी जिल्लामा यस वर्षको वर्षाबाट बढी मानिसको मृत्यु भयो । वर्षाबाट उत्पन्न विपद्का कारण यस वर्ष देशभर एक सय एघार जनाको दुःखद् निधन भयो भने चालीस जनाको अवस्था अझै अज्ञात छ । त्यसैगरी यो वर्ष बाढीका कारण एक अर्बभन्दा बढीको क्षति भएको छ भने पहिरोले गरेको क्षतिलाई मूल्यमा रुपान्तरण गर्न सकिँदैन । देशमा भैपरी आउने यस्ता विपद्हरुको सामना गर्न, प्रतिरक्षा र पूर्वतयारी गर्न गृहमन्त्रालय अन्तर्गत राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र नै गठन गरिएको छ । त्यसबाहेक रेडक्रस सोसाइटी लगायतका स्वयम्सेवी संस्थाहरुले पनि विपद्का समयमा राहत र सहयोग गर्ने गरेका छन् ।

प्रविधिको विकास भएसँगै यस्ता घटनाहरुको तथ्यांक पनि बढ्दै जान थालेको छ । एक त हिजो घटनाहरु तत्काल सार्वजनिक गर्ने स्रोत साधन र माध्यम थिएनन्, अर्को जनघनत्व कम भएका कारण क्षति पनि कम नै हुने गरेको थियो । तर, आज गाउँ–गाउँमा विकासका पूर्वाधार उपलब्ध गराउने नाममा योजनाविहीन भौतिक संरचनाहरु निर्माण गरिँदैछ । जथाभावी सडक खन्ने कारणले जमिनको अवस्थिति प्रभावित भएको छ । हिमाल, पहाड र जोखिमयुक्त ठाउँहरुमा कतै सडकका लागि, कतै जलविद्युत् वा यस्तै विकासको नाममा डोजर चलाइँदैछ, विष्फोटबाट ढुंगा फुटाइँदैछ, रुखबिरुवा कटान गरिँदैछ । यसले जमिनको अवस्था थिल्थिलो भएको छ, पहिरोको जोखिम उच्च बनाएको छ ।

मानिसकै कारण उत्पन्न यस्ता समस्यालाई दैवी विपत्ति भनेर मात्र चुप लाग्नु हुँदैन । विकासका नाममा गरिने खर्च र प्रविधिको प्रयोगको दुरगामी असर वा प्रभावको आधारमा गरिनु पर्दछ । क्षणिकता, भावावेश र लोकप्रियताका लागि गरिने कामले अपेक्षित परिणाम दिँदैन । मानव जीवन अमूल्य छ, यस्तो अमूल्य जीवन अरु कसैको स्वार्थसँग साटिनु हुँदैन । भू–बनौटले अति संवेदनशील नेपाली माटो त्यही संवेदनाबाट उपयोग गरिनु पर्दछ । पहाडमा पहिरोको त्रास भए जस्तै तराई बाढी र डुवानको चपेटामा छ । बाढी र डुवानले लगाइएको अन्नबाली नष्ट भएको छ भने कटान र डुवानले करोडौंको क्षति गराएको छ । यी सबै क्षतिका कारकतत्वको खोजी गरी दीर्घकालीन समाधान खोज्न सरकार र सम्बद्ध संस्थाले पहल गरोस् । अन्यथा यसले पार्ने असर अझ बढ्दै जाने निश्चित छ ।

# सरकारको यो निर्देशनको हरेक पल अवज्ञा किन ?



डा. सुरेश आचार्य

**घटना एक**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले कर्णाली नदी व्यवस्थापन कार्यालय बर्दियाका इञ्जिनियर कमल सिटौला, विश्वेश्वरप्रसाद शाह र हरिप्रसाद चौधरीलाई गत शनिबार १५ लाख रुपैयाँ घुससहित पक्राउ गरेको थियो । उनीहरूले निर्माण योजना तारजाली भर्ने कामको बिल रकम भुक्तानी गरेबापत १५ लाख रुपैयाँ घुस लिएका थिए ।

**घटना दुई**

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दोलखाका दुई इञ्जिनियर घुस रकमसहित पक्राउ परेका छन् । अख्तियारको टोलीले सिनियर डिभिजनल इञ्जिनियर प्रकाश अधिकारी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिन्धुपाल्चोकका इञ्जिनियर भोगेन्द्र साहलाई नियन्त्रणमा लिएको हो । अख्तियारले सिनियर डिभिजनल इञ्जिनियर अधिकारीको साथबाट



१३ लाख आठ हजार पाँच र अर्का इञ्जिनियर साहबाट एक लाख २९ हजार एक सय रुपैयाँ शंकास्पद नगद फेला पारेको थियो ।

**घटना तीन**

गत शुक्रबार दिउँसो गोलबजार नगरपालिका, सिरहाका सबइञ्जिनियर उमा श्रेष्ठ पनि घुस रकमसहित पक्राउ परेकी छन् । शौचालय निर्माणको भुक्तानी सहज गराइ दिएबापत ५० हजार रुपैयाँ घुस लिएकी उनलाई रकमसहित गोलबजार- ७ पुरानो चोहर्वा बसपार्कस्थित एक होटलबाट पक्राउ गरिएको अख्तियारले जनाएको छ । अघिल्लो हप्ता भएका अपराधका यी घटनाले मुलुकमा सुशासनलाई चुनौति दिएका छन् । यो प्रवृत्ति प्राविधिक क्षेत्रमा ज्यादा छ । लेखा भने कै हिसाब मिलाउने शाखा हो । त्यहाँ नहुने कुरै भएन । तर, प्रशासनिक क्षेत्रमा पनि कम छैन ।

यस्तो कार्यालय र शाखा पाउन कठिन छ, जहाँ घुस नदिइकन सहज ढङ्गमा नागरिकले काम लिन सकोस् । यो महारोग यत्रतत्र छ । आँखा चिम्लेर बस्दा पनि कहाँ कसरी घुसको कारोबार भइरहेको छ थाहा हुन्छ । एक ठाउँमा रकम दिएपछि काम सकिन्छ भन्ने छैन । हरेक फाँटमा पुग्दा मुख बाएर बसेका अजिङ्गरहरू फेला पर्छन् । एउटा नागरिकले आफ्नो काम लिन यति हैरानी व्यहोर्नुपर्छ भने सरकारी रकममा ठेकेदारी गर्नेले त हरेक तहमा नबुझाई सुखै छैन ।

भर्खरै सकिएको आर्थिक वर्षमा विकास बजेट अर्थात् पुँजीगत खर्च तीन खर्ब १३ अर्ब रुपैयाँ थियो । त्यसमध्ये दुई खर्ब ३६ अर्ब मात्र खर्च भएको प्रारम्भिक अनुमान छ । माथि उल्लेखित घुस प्रकरणमा खर्चिएका रकम यही विकास बजेट कै हुन् । यी विकासको एक चरणमा घुस लिने प्रवृत्ति हुन् । यस्तो प्रवृत्ति हरेक तहमा छ । अख्तियारले कतिलाई फेला पार्छ, कतिलाई फेला पार्दैन । कतिलाई फेला पारेर पनि थाहा नपाए जस्तो गर्छ । यसै पनि विकास खर्चको तुलनामा चालू खर्चको मात्रा बढ्दो छ । ६० प्रतिशत चालू खर्च र ४० प्रतिशत पुँजीगत रहने गरेको बजेटमा यो मात्रा घट्नुको सट्टा बढ्दो छ । यस प्रकृतिमा गरिने विकास खर्चले मुलुकको कति विकास हुँदो हो र हामीले कहिले आफूलाई विकसित मुलुकको नागरिक भन्न पाउँला ?

आधा करोडभन्दा बढी जनसंख्या रोजगारीको क्रममा देशबाहिर छ । मुलुकभित्र उसलाई रोजगारी दिने सम्भावना कम हुँदै गएका छन् । मुलुकमा लगानी भित्रिने र रोजगारी सिर्जना हुने सम्भावना खोजीको अभ्यासमा सीमित हुँदैछ । उनीहरूले विदेशमा बगाएको रगत पसिनाले धानेको अर्थतन्त्र छ । सरकारको बजेट व्यक्तिले लगानी गरेका संस्थाहरूको ऋण लिएर धान्नुपर्ने अवस्था छ । बाह्य ऋण नियमित प्रक्रिया जस्तै भएको छ । यसरी नागरिकले तिरेको कर र नागरिकका लगानीको ऋणबाट चलेको अर्थतन्त्रमा मोज गर्नेहरू आज पनि घटेका छैनन् । यो काम अपराध हो भन्ने जान्दाजान्दै पनि नियमित कर्म जस्तो बनेको छ ।

आर्थिक वर्षको अन्त्य भएका कारण मात्र यी घटना भएका होइनन् । अख्तियारले यो मौसममा कसले बढी यो खालको अपराधको खेती गर्छ भन्ने पहिल्याएर गरेको कारबाहीका कारण हरेक दिन कोही न कोही इञ्जिनियर जालमा परेका हुन् । तर, यो न नौलो घटना हो, न त अख्तियारको कारबाही नै असाधारण । अख्तियारको जागरुकता बढ्ने हो भने हरेक दिन हरेक कार्यालयबाट दुई चार कर्मचारी पक्राउ पर्नुपर्ने हो ।

अधिकांश नागरिकले सानो ठूलो रकम खर्च नगरी आफ्नो काम भएको अनुभव गर्न पाउँदैनन् । केही खास कर्मचारीलाई कुनै खास मौसममा मात्र गरिने कारवाहीले गर्दा यो प्रवृत्तिको अन्त्य हुन नसकेको हो । आज पनि यो समाजमा कानूनतः नहुने कामलाई गराउन सक्छु भन्ने हिम्मत राख्नेहरू छन् । यसको कारण अवैध कारोबार नै हो ।

अख्तियारका बहालवाला आयुक्त जे काम गर्न राज्यकोषको सेवा सुविधा लिएर नियुक्त भएका छन्, अरूका अपराधकर्मको छानविन गर्नेछ भनेर विश्वास गरिएको हुन्छ । ऊ नै यस्तो अपराध कर्ममा फेला पर्छ । नागरिकले यो अपवाद हो भनेर विश्वास गर्ने आधार पाउँदैन । प्रमुख आयुक्त भएको व्यक्ति आफ्ना अघिल्ला करतुतका कारण अख्तियारमा बयान दिन पुग्छ । कुनै अर्को प्रमुख आयुक्त महाभियोग लाग्ने त्रासमा राजीनामा गर्छ । कुन नैतिकबलमा उनीहरूले ओहोदामा छँदा इमानदारी साथ काम गरे होलान् भनेर विश्वास गर्ने ? हामी यस्तो समाजको निर्माण गरिरहेका छौँ । जहाँ केही सय वा केही हजार दिएर काम गराउनु सामान्य कुरा हो भन्ने मानसिकताको विकास भएको छ । अझ समाजको कुरा गर्ने हो भने अवैध बाटोबाट सम्पन्नता प्राप्त गर्ने व्यक्तिको समाजमा प्रतिष्ठा बढेको हुन्छ ।

पछिल्लो सरकारले शासन सत्ता शुरु गर्दैगर्दा भ्रष्टाचारमा शून्य सहनशीलताको नारा फेरि शुरु गऱ्यो । फेरि यस अर्थमा कि अरू सरकारले पनि यसै भन्दै आएका थिए । यो सरकारले थप निर्देशन गऱ्यो- हरेक कर्मचारीले हरेक दिन काम थाल्नुअघि 'म भ्रष्टाचार गर्दिनँ' भन्ने कसम खानु पर्नेछ । यो निर्देशन लगत्तै हरेक कार्यालयमा दिव्यवाणीका रूपमा भ्रष्टाचार नगर्ने कसम टाँगिए । ती दिव्यवाणीका तल कुर्सी सजाएर बस्नेमा यो दिव्यज्ञान घुस्न सकेको छैन । सरकारको यो निर्देशनको हरेक पल अवज्ञा भइरहेको छ । सरकारको सदाशयतालाई राष्ट्रसेवक मानिएकाहरूले पालना नगर्ने अवस्था किन र कसरी शुरु भयो ? के सरकारले निर्धारण गरेको तलबमा उनीहरू बाँच्ने अवस्था नभएर हो ? यी प्रश्नहरू अनुत्तरित भइसकेका छन् । यी प्रश्नहरू सधैँ अनुत्तरित रहिरहने हुन् भने शुरुमा उल्लेख गरिएका घटना सधैँ समाचारका विषय बनिरहने छन् ।

*(आचार्य नेपाल पत्रकार महासंघका पूर्व सभापति हुन् ।)*

# समाजले किन बुझ्न चाहँदैन बाल मनोविज्ञान ?



संस्कृति रिजाल

केही महिना अगाडि सामाजिक सञ्जालमा आएको समाचारमा ललितपुरको बाग्मती गाउँपालिकाका ११ वर्षीय बालकले सुसाइड नोट लेखेर आत्महत्या गरेको समाचार प्रकाशित थियो । त्यहीँको कालीदेवी माध्यमिक विद्यालयको कक्षा ५ मा पढ्ने बालकले आफ्नो सुसाइड नोटमा लेखेका थिए- 'मेरो नाम समिर लुङ्वा हो । म कक्षा ५ मा पढ्छु । मेरो रोल नम्बर ५ हो । आज म केही कुरा भन्न चाहन्छु । म धेरै दुःखमा छु, मलाई कसैले माया गर्दैन । कक्षामा केटाहरूलाई पिट्ने र केटीहरूलाई नपिट्ने र घरमा मलाई दाइ-भाउजुले हेला गर्नुहुन्छ । कोही सर, मिसको म नाम लेख्दै छु । सरस्वती मिस, दिवाकर सर, गोविन्द सरले म बिरामी हुँदा मलाई बिरामी भाको छैन भने । म यति भन्दै बिदा माग्छु । म ११ बर्ष भएँ । म जन्मेको कात्तिक १४ गते हो ।'

बालक आत्महत्याको यो एउटा नमूना उदाहरण मात्र हो । यस्ता हजारौँ घटना दिनानुदिन घटिरहेका छन् । जसको कारण हो, हामीले बाल मनोविज्ञान बुझ्न नसक्नु । नेपालको सन्दर्भमा सन् १९९० मा नेपालले बालअधिकार महासन्धीमा हस्ताक्षर गऱ्यो । एकातर्फ बाल बचावट, बाल विकास, बाल संरक्षण र बाल सहभागिताको अधिकार हरेक बालबालिकाले पाउनुपर्छ त भन्छौँ हामी तर अर्कोतर्फ हाम्रै कलिला मस्तिष्कहरूको मनोविज्ञानलाई भने बुझ्न सकिरहेका र चाहिरहेका छैनौँ ।

बाल मनोविज्ञानमा बालबालिकाको शारीरिक, संवेगात्मक एवम् सामाजिक विकासको अध्ययन गरिन्छ । बाल मनोविज्ञानको इतिहासलाई पल्टाएर हेर्दा १९औं शताब्दीमा पनि बालबालिकाको लालनपालन र शिक्षणका लागि बाल मनोविज्ञानको आवश्यकता संसारका प्रमुख विद्वानले अनुभव गरेका थिए । तथापि यसको थप विकास २०औं शताब्दीमा बाल शिक्षणको महत्वसँगै उजागर भएको हो । हरबर्ट स्पेन्सरले यो विषयप्रति धेरै पहल दिए ताकी प्रत्येक नागरिकको शिक्षामा बाल मनोविज्ञानको चेतना जागोस् । रुसोले पनि १८औं शताब्दीमा बालबालिकाको योग्य शिक्षाका निम्ति बाल मनोविज्ञानको आवश्यकता भएको बताएका थिए र व्यक्तिगत अनुभवका आधारमा बालबालिकाको मनोविकासका सम्बन्धमा 'एमिल' नामक पुस्तक लेखेका थिए । तर, रुसोजस्ता विद्वानको विचार पनि वैज्ञानिक प्रयोगमा आधारित थिएन ।

**बाल मनोविज्ञानको अध्ययन :**

अर्को पाटोबाट नियाल्दा बालबालिकाको शारीरिक र मानसिक विकासको वैज्ञानिक ढंगको अध्ययन ८० बर्षयताबाट क्रमिक सुधारसँगै भइरहेको छ । अन्य तथ्यहरूले के देखाउँछन् भने बाल मनोविज्ञानको प्रारम्भिक अध्ययन फ्रान्समा भएको थियो । यसपश्चात् विश्वका विभिन्न देशहरूमा बाल मनोविज्ञानको अध्ययनले चर्चा पायो र सबैले आफ्नो धारणा प्रस्तुत गरे । समयक्रममा बाल मनोविज्ञान सम्बन्धी व्यापक कार्य अमेरिकी विद्वानको प्रयासमा समेत भएको मानिन्छ । जुन कार्यलाई सीमित रूपमा मात्र टाढाबाट अध्ययन गरिएको थियो ।

अमेरिकामा आज पनि विद्वानहरू बालबालिकाको बिकासका भिन्न भिन्न बिषयहरूको अध्ययन अनेक वैज्ञानिक प्रयोगशालामार्फत गरिरहेका छन् । विभिन्न विद्वानले वैज्ञानिक ढंगबाट विश्वभर बाल मनोविज्ञानको विश्लेषण गरेको पाइन्छ । यसर्थः त्यस किसिमका अध्ययनबाट बुझ्दा विस्तृत रूपमा स्वीकारिएको विषय बाल मनोविज्ञानको महत्त्वलाई हामी हाम्रै मनोवैज्ञानिक पाटोबाट दर्शाउन सक्छौँ । बाल मनोविज्ञानमा बालबालिकाको अध्ययन व्यक्तिगत रूपमा साथै सामुहिक रूपमा गरिन्छ । विशेषतः हरेक बालबालिकाको पहिलो शिक्षण केन्द्र घरपरिवार हो, त्यसपछिको समाज । आमाबाबुको व्यवहारले बालबालिकाको दिमागमा प्रतक्ष असर पार्ने गर्दछ । त्यस्तै असर समाज र समाजका सदस्यको गतिविधिमा पनि निर्भर रहन्छ ।


**सन्तानको इच्छा र स्वभावलाई बुझ्ने कि ?**

कतिपय अभिभावक आफ्ना सन्तानको माग र व्यवहारबाट हैरान छन् । तर, उनीहरूको स्वभाव र इच्छालाई बुझ्ने प्रयास विरलै मात्र गर्छन् । वास्तवमा बालबालिकाहरूको पनि उमेरको एउटा गति हुन्छ । जीवनका बिभिन्न अवस्था मध्येको एक बाल्यावस्थालाई अरू उमेरको अवस्थामा कस्तो बनाउने भन्ने कुरा बाल्यकालको रेखदेख र शिक्षामा भर पर्दछ । बालबालिका काँचो माटो हुन्, उनीहरूलाई जस्तो आकारको बनायो त्यस्तै बन्छन् । तसर्थ, बालबालिकाको फरक ढंग र स्वभावलाई हामीले बुझ्न सक्नुपर्छ ।

घरपरिवार र समाजमा देखाइने फरक व्यवहारले बालबालिकाको मस्तिष्कमा गम्भीर असर पारिरहेको हुन्छ । त्यसैले परिवारसँगै आदर्श समाजको पनि आवश्यकता पर्छ । असल स्वभाव र संस्कारबाट टाढा रहेको परिवार र समाजका बालबालिका कु-संस्कारको सिकार बन्न पुगेका हुन्छन् । बालबालिकाको पहिलो शिक्षा मानिने बाबुआमा नै जाँड, रक्सी, कुलत र झैं-झगडामा सामेल भएपछि त्यस परिवारको बालकले पनि त्यस्तै शिक्षा प्राप्त गर्ने सम्भावना झन् बढ्न सक्छ । बाबुले आमाप्रति गरेको हिंसा देख्दा, उसले त्यही सिक्छ । गालीगलौज गरेको सुन्दा, त्यही सिक्छ । कुलतमा लागेको देख्दा त्यही सिक्छ । अन्ततः विद्यालयको प्राङ्गणमा साथिहरूसँग खेल्नुपर्ने बालक विभिन्न साथीहरूको खराब संगत र हेलमेलका कारण ग्याङमा डन बनेर समाजमा स्थापित हुन्छ र त्यही खराब बाटोमा उसले चरम आनन्द महशुस गर्छ । कारण हो, बालबालिकाको मस्तिष्कलाई बुझ्न नसकि खराब व्यवहार अभिभावकले देखाउनु वा सिकाउनु । एउटी महिलाले समूहमा महिलाहरूसँग विभिन्न कुरा गरेर बसेको सुन्दा देख्दा आफ्नो बच्चाले पनि ति आमाबाट त्यही सिकिरहेको हुन्छ । त्यसैले आमाले छोराछोरीलाई असल संस्कार सिकाउनु पर्छ र उनीहरूको मनोविज्ञानलाई हरसम्भव बुझ्न सक्नुपर्छ ।

**बाल मनोविज्ञान, समाजको मनोविज्ञान र देश**

बाल मनोविज्ञानलाई न त हामीले ध्यानमा राखेका छौँ, न त सरकारले नै । बालबालिकासँग जोडिने बाल अधिकार त बालबालिकाले पाउन सक्दैनन् भने हामी बालमैत्री वातावरणको सपना देखिरहेका छौँ । दिनहुँ बालिकाहरूको बलात्कार हुन्छ, दोषी समाजमा खुलेआम हिँडिरहन्छ । त्यसको उपचार खै कुन निकायले कसरी सम्बोधन गर्दैछ ? कसरी गर्नुपर्ने थियो ? प्रश्न आफैँमा अनुरुत्तरित छ ।



वास्तवमा, जुन देशमा दूधे बालिकाको सुरक्षा छैन, विद्यालय जाने बालिकाको सुरक्षा छैन, त्यहाँ अधिकारको लागि कहिलेसम्म हारगुहार गर्ने ? गरीब बालिकाले लगाएको फाटेको लुगा देख्दा बलात्कार गर्ने गिद्दे नजरहरू, ती बलात्कारीहरू, जसले प्रत्येक समय अस्मिता लुटेर बालबालिकाको अस्मिताको हत्या गरिरहेका छन्, तिनलाई कानूनले घेरा कहिल्यै नहाल्ने ? आफ्नै अस्मितालाई जोखिममा राखेर बाँचेकी बालिका गल्लीमा एक्लै हिँड्न डराउँछे, घरबाट बाहिर निस्किन कहालिन्छे, प्रत्येक समय सन्त्रास खपेर बाँचिरहेकी हुन्छे यदि भने त्यसको दोषी को हो ? बलात्कारीहरू पुरुषत्वको अहम् बोकेर समाजमा स्वतन्त्रताको ठाडो शिर उठाएर बाँचिरहन्छन । आखिर कहिलेसम्म यो अन्याय र अपराधको भागिदार बन्नुपर्ने ती कलिला मस्तिष्कहरूले ? कानूनका सेता कागजी पानामा अधिकार र न्यायका शब्द कोर्दैमा के ती बलात्कृत आँसुहरूले न्याय पाएका छन् त ? ६ वर्षीया बालिका बलात्कृत हुन्छे त्यो पनि २८ वर्षे युवकबाट, कत्तिको निन्दनीय र अमानवीय घटना हो त्यो ? त्यसको भण्डाफोर कहिले गर्ने ? कसले गर्ने ?

बारा सदरमुकाम कलैयामा पछिल्लो समयमा भएको कहालीलाग्दो बलात्कारको घटना, निर्मला बलात्कार हत्याकाण्ड, बोली फुटेर आनन्दमय बाल्यकाल नभोग्दै दानवको सिकार बनेकी बालिकाको बलात्कार जस्ता घटना बाल हिंसाका निकृष्ट नमूना हुन् । तर, यो सामाजिक मुद्दाका रूपमा उठ्छ या उठ्दैन, उठ्न सक्छ वा सक्दैन भन्ने जटिल विषय हो ।

**बाल मनोविज्ञानमा न्याय :**

बाल मनोविज्ञानलाई हामिले बुझ्न सकेका त छैनौँ । तर, कागजमा भएको बाल अधिकार पनि दिन सकेका छैनौँ । अतः अधिकार शब्दमा होइन, व्यवहारमा हुनुपर्छ । जब हामी बालबालिकाको बाल मनोविज्ञानलाई बुझ्न सक्छौँ अनि बिलाएर जान्छन् बाल आत्महत्याका कथाहरू । जब निर्मला जस्ता छोरीहरूले न्याय पाउँछन् अनि मात्र बन्छ, बालमैत्री नेपाल । तसर्थ, न्याय र मनोविज्ञानको सबल अनि सरल बुझाईले मात्र घटनाका सिलसिलामा रोकावट आउनसक्छ ।

# पत्रकार आचारसंहिता संशोधनको तयारी

**झापा, साउन १३।** प्रेस काउन्सिल नेपालले 'पत्रकार आचारसंहिता, २०७३' लाई संशोधन गर्ने भएको छ। आचारसंहितालाई समयसापेक्ष बनाउने उद्देश्यले संशोधन गर्ने तयारी गरिरहेको काउन्सिलले जनाएको छ।

संशोधनका लागि काउन्सिलले सरोकारवाला संघसंस्था तथा सञ्चार क्षेत्रका विज्ञहरुसँग छलफल गर्नुका साथै राय सुझाव सङ्कलनका लागि पत्राचारसमेत गरेको मुख्य अधिकृत झबिन्द्र भुसालले जानकारी दिए।


समयसापेक्ष संशोधन गर्नु पर्ने छुट विषय र सुझावहरू भए एक हप्तासम्ममा राय सुझाव दिन पत्रमार्फत काउन्सिलले सम्बन्धित सबै पक्षलाई आह्वान गरिएको छ। यो वर्ष काउन्सिलको स्वर्णजयन्ती वर्ष भएको अवसरमा संशोधित तथा परिमार्जित आचारसंहिता सार्वजनिक गर्नाका साथै प्रेस काउन्सिल एवम् पत्रकारितासँग सम्बन्धित पुस्तक प्रकाशन गर्ने तयारी गरिएको छ।

२०७३ साल असोज ६ गतेदेखि लागू भएको 'पत्रकार आचारसंहिता, २०७३' मा पत्रकार र सञ्चारमाध्यमको कर्तव्यअन्तर्गत पत्रकारले गर्नु पर्नेमा प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन, मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान, पेशागत मर्यादा तथा व्यवहार, सम्पादकीय स्वतन्त्रताको सम्मान र गोप्य स्रोतको संरक्षणलगायत १५ बुँदामा उल्लेख गरिएको छ।

त्यसैगरी पत्रकार र सञ्चारमाध्यमले गर्न नहुनेमा सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने, भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण, पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण र बीभत्स दृश्य र तस्वीर प्रकाशन वा प्रसारण गर्न नहुनेलगायत १५ बुँदामा उल्लेख गरिएको छ।

स्वस्थ पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सृजना गर्ने, प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने र सार्वजनिक नैतिकता तथा नागरिकहरूको मर्यादा कायम राख्न लगाउने लगायत विभिन्न उद्देश्यले विसं २०२७ मा प्रेस काउन्सिल नेपालको स्थापना भएको हो।

# बिर्तामोडमा नाटक रुवा




**बिर्तामोड, साउन १३।** झापाको विर्तामोडमा नाटक रुवा मञ्चनको तयारी गरिएको छ।

आर्ट स्टुडियोको प्रस्तुति रहेको नाटक रुवा आगामी साउन १५ गतेदेखि बिर्तामोड -२ चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा मञ्चनको तयारी गरिएको नाटकका निर्देशक प्रकाश दाहालले बताए।

चे शंकरको लेखन तथा प्रकाश दाहालको निर्देशन र सलिल सुबेदीको संगीत रहेको नाटक रुवामा शान्तादेवी पौडेल, माया सिटौला, मेनुका घिमिरे, मुना उप्रेती, कमला संग्रौला, गोमा बिमली र मनिषा सिटौलाको अभिनय रहेको छ।

आर्ट स्टुडियोले बिर्तामोड -२ चारपानेमा आयोजना गरेको नाट्य कार्यशालामा सहभागी ३४ वर्षदेखि ७२ वर्षसम्मका आमाहरुसँग उनीहरुको जीवन भोगाइ र अनुभवहरुबारे छलफल गरी नाटक रुवा तयार पारेको नाटकका निर्देशक दाहालले बताए।

नाटकले हामी, हाम्रो इतिहास, संस्कृति, राजनीतिक घटनाक्रम, बैदेशिक रोजगारीको कथा, राजनीतिक परिवर्तन, सामाजिक बिक्षिप्तता, महिला हिंसाको फरक फरक स्वरुप, राजनीतिक अन्धोपनले गरिखाने जनताले भोगिरहेको समस्या, बाल मनोविज्ञान, सडक दुर्घटना जस्ता बिषयवस्तुलाई समेटेको छ -नाटकका निर्देशक दाहालले भने।

हाम्रो जीवनमा घटेका घटनाहरुको संयोजन नाटक रुवा भएको बताउँदै उनले नाटकमा प्रयोग भएको सेट, बिम्ब र प्रकाशको राम्रो संयोजन भएकाले सबै प्रकारका दर्शकले नाटक रुचाउने जानकारी दिए।

आर्ट स्टुडियोले यसअघि नाटक लाटीको छोरो निमार्ण गरि सफलतापूर्वक मञ्चन गरिसकेको छ भने बिर्तामोडमा नाटक जिउँदो आकाश, बुधबारेमा फ्लप मंगलबारेमा हिट संयोजन गरी सफलतापूर्वक मञ्चन गरिसकेको छ। आगामी साउन १५ गतेदेखि २१ गतेसम्म बिर्तामोड -२ चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा दैनिक तीन सो नाटक रुवा मञ्चन गरिने बताइएको छ।

# गाँजासहित भारतीय नागरिक पक्राउ

**सुनसरी, साउन १३।** भारत अररिया जिल्ला हासकोसा ग्राम पञ्चायत घर बताउने २० बर्षीय बिकेशकुमार राय १२ केजी लागूऔषध गाँजासहित पक्राउ परेका छन्। सुनसरी बर्जु गाउँपालिका -३ केशलिया खोला छेउ नेपाल भारत जोड्ने बाटोमा चेकिङमा खटिएको प्रहरीको टोलीले रायलाई नियन्त्रणमा लिएर उनले बोकेको दुई वटा कालो ब्याग चेकजाँच गर्दा सिलप्याक गरेको १/१ केजीको १२ पोका गाँजा फेला पारिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। साथै रायको साथमा भएको २ वटा मोबाईल समेत बरामद गरेको प्रहरीले जनाएको छ।


## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

**बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला।**

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१


# विकासले मानव जीवन जोखिममा

**इलाम, साउन १३।** मानव जीवन सहजताका लागि गरिने बिकासलाई सावधानी नपनाए बिनास पनि निम्त्याउन सक्छ तर कतिपय बिकासले मानव जीवन नै जोखिममा परेको छ।

बिगतमा दिगो बिकासको अवधारणा बिना नै जथाभावी सडक निमार्ण र बिजुलीको पोलहरु राखिएको कारण बिभिन्न दुर्घटनाहरु भइरहँदा इलामको सूर्योदय नगरपालिका वडा नं -६ मा पनि जोखिमपूर्ण अवस्थामा बिजुलीको पोल रहेको पाइएको छ।

सूर्योदय नगरपालिकाको हर्कटे बजारबाट रोङ हुँदै झापा जोड्ने सडकको बिस्तार हुँदा हर्कटे बजारबाट करिव ३ किलोमिटरमा रहेको बाटो माथि बिजुलीको मुख्य लाइन रहेको पोलमुनि सडक बिस्तार हुँदा उक्त पोलको जग कमजोर बनेको छ। बाटो बनाउँदा पोल जोगाउन ढिस्कना राखिए पनि पोलको फेदमुनि करिव १५ फुटको डिल बनेको नजिकै बाटोमा रहेको लोकबहादुर प्रधान, मेषराज भुजेल र अर्को एक घर सोही पोलका मुनि रहेकाले उक्त घरहरु जोखिममा रहेका छन्।

त्यस्तै घर नजिकै सडकको छेउमा रहेको अर्को पोल भने लर्की सकेको र मुनि रहेको सल्लाको बोटमा तारहरुले छोई सकेको बताइएको छ। गाउँमा रुखको लाथ्रोमा टाँगिएका बिजुलीका तारहरुलाई टेको दिएर राखिएको छ। केही दिन अघिमात्रै इलामको फिक्कल बजारमा बिजुलीको तारमा आगलागी स्थानीयवासिन्दा त्रसित बनेका थिए। सामान्य असाबाधानी भएमा मात्रै धेरै जन धनको नोक्सानी पुग्ने भएकोले यस्ता संभाव्य जोखिमलाई व्यवस्थापन गर्नु पर्ने स्थानीयवासीको माग रहेको छ।


## हार्दिक श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा



**जन्म :** १९८१/१२/०१

**निधन :** २०७६/०४/०२

**स्व. विष्णुमाया सेलवाल**

हाम्री ममतामयी माता **विष्णुमाया सेलवाल**को यही मिति २०७६ साउन २ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् स्तब्ध बनाएको छ। दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। माता वियोगको पीडादायी क्षणमा हामीप्रति सहानुभूति/समवेदना प्रकट गर्नु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। साथै आज २०७६ साउन १४ गते मंगलबार १३औं दिनको पुण्य तिथमा निजी निवासमा गरिने शुद्ध शान्ति कार्यमा उपस्थित भई पितृ प्रसाद ग्रहण गरिदिनु हुन् सम्पूर्ण इष्टमित्र, बन्धुवान्धव, छरछिमेक, संघ-संस्था, कुल-कुटुम्ब, नातागोता, मलामीजन तथा शुभेच्छुकहरूमा हार्दिक निमन्त्रणा गर्दछौं।

छोरा/बुहारीहरु

**गंगा+भिमादेवी सेलवाल** | **मधुमाया सेलवाल (बुहारी)** | **लक्ष्मी+दुर्गादेवी सेलवाल**
**चन्द्र+खिनामाया सेलवाल** | **शिव+जानुकादेवी सेलवाल** | **घनश्याम+तारा सेलवाल**

एवम् **समस्त सेलवाल परिवार**, बिर्तामोड-२, झापा



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAPOORJI PALLONJI MIDDLE EAST (LLC)**

पूर्व स्वीकृति मितिः २०७६/०३/२५ LT No. 221941 चलानी नंः ६०१४१६५६

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Scaffolder | ५० | २९,३३०/– | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Mason | ५० | २९,३३०/– | | | | |

सामान्य काम जानेका नेपाली तथा जीसीसीहरुले सम्पर्क गर्नुहोला।

**फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही साउन १५ गते बुधबार बिर्तामोडको मुनामदन ट्रेनिङ सेन्टरमा हुनेछ।**

**S.R.D. Overseas Pvt. Ltd.**
सिनामंगल-९, काठमाडौं
फोन : ०१- ४११०८६१ मो. ९८०२०७४३०६, ९८२४९२५५६२, ९८०१४०२९७८



## नेपाली ट्याक्सी ड्राइभर र प्याकिङ्ग हेल्परमा २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Sales Assisstant | १५ (महिला) | १५००/- | ४४,६७०/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waiter/Waitress | १५(महिला/पुरुष) | १५००/- | ४४,६७०/- | | | | |
| Bakery Worker | १५ (पुरुष) | ८००/- | २३,८२५/- | | | | |
| Bike Rider | १० (पुरुष) | १२००/- | ३५,७३५/- | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | | | | |

नोटः युएईको **No 1 ARABIA TAXI L.L.C. ABUDHABI** कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ। तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने जानेले तु-सम्पर्क गर्नुहोला।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)


## रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
## रोङ गाउँपालिका इलामको सूचना

यस रोङ गाउँपालिकाको तर्फबाट प्रकाशन र प्रसारण गरिने सार्वजनिक सूचना एवम् विज्ञापनहरु गाउँपालिकासँग सम्झौता गरिकन वा कार्यालयले लिखित अनुरोध गरेमा मात्र प्रकाशन र प्रसारण गर्नहुन अनुरोध छ। कार्यालयसँग सम्झौता नभई वा कार्यालयको लिखित अनुरोध बिना प्रकाशन र प्रसारण गरिएका कुनै पनि सूचना एवम् विज्ञापन वापतको रकम कार्यालयबाट भुक्तानी नहुने व्यहोरा मिति २०७६/०४/१२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार आमसञ्चारमाध्यमलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**डिकप्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**


## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।






**सयपत्री टेड्र लिंक**
भद्रपुररोड बिर्तामोड, झापा
फोनः ०२३-५४१६७७, ९८०४९०६२८९, ९८४२६९३५८८

## वाइफाई स्वास्थ्यका लागि कति सुरक्षित ?

# वाइफाईको संसर्ग यसरी घटाऔं

❐ **डा. गेहेन्द्र महरा**

वाइफाई (वायरलेस फाइडेलिटी) तार बिनाको प्रविधि हो । जसलाई डब्लुल्यान (वायरलेस लोकल एरिया नेटवर्क) पनि भनिन्छ । वाइफाई अविष्कारको शुरुवात अलेक्जेन्डर ग्रामबेल तथा समनेरद्वारा १८८० मा भएको थियो । अहिलेको वाइफाई (IEEE Standard 802=11) नेदरल्यान्ड्सको एनसीआर कर्पोरेसन एटी एण्ड टीले सन् १९९१ मा गरेको थियो ।

यस प्रविधिको प्रयोग अहिले घर, अफिस तथा अरु सार्वजनिक ठाउँमा गर्ने क्रम बढ्दो छ । जस्तैः हवाइ अड्डा, स्कुल र कलेज, सरकारी र अर्ध-सरकारी कार्यालयहरु, व्यापारिक क्षेत्र, सहरी क्षेत्र आदि । यस माध्यमबाट सूचना आदान-प्रदान तथा सानादेखि ठूला कामहरु पनि गर्न सकिन्छ । जसले मानिसको दैनिक जीवनलाई सस्तो, सजिलो, सुरक्षित र भरपर्दो बनाएको छ ।

त्यसैले वायरलेस नेटवर्क अहिले मानवको एउटा अभिन्न अंग बनिसकेको छ । जसको फलस्वरुप आधार स्टेसन, स्थानीय वायरलेस नेटवर्कहरु थपिइरहेका छन् । वाइफाई शुरुमा मोबाइल फोनहरुको लागि बनेको थियो । तर, अहिले



व्यापकरुपमा मोबाइल लगायत इलेक्ट्रोनिक वस्तुहरुमा प्रयोग भइरहेको छ । जस्तैः मोबाइल फोन, ट्याबलेट पिसी, टिभी, कम्प्युटर, अडियो प्लेयर, डिजिटल क्यामेरा इत्यादि ।

वायरलेस प्रविधिको लागि तीन वटा आवश्यक तत्वले काम गरिरहेका हुन्छन् । जस्तैः रेडियो संकेतहरु, एन्टेना, राउटर, जसमा रेडियो तरंग नै प्रमुख हो । वायरलेस प्रविधिले हामीलाई तारको सञ्जालको झन्झटबाट जोगिन मद्दत गरिरहेको छ । प्रविधि विकासको फलस्वरूप अहिले रिमोट कन्ट्रोलको सहायताले विभिन्न कामहरु सजिलैसँग गर्न सकिएको छ। यसको साथसाथै हामीहरु जानी-नजानी वायरलेस संकेतहरूबाट प्राप्त हुने विभिन्न विद्युतीय विकिरणसँग पनि दैनिक घुलमिल भइरहेका छौं ।

**स्वास्थ्यका लागि कति सुरक्षित ?**

दूरसञ्चार-नेटवर्कसँग सम्बन्धित एकथरी मानिसहरु साथै विश्व स्वास्थ्य संगठन, हेल्थ क्यानडा, द एफडिए तथा केही अध्ययनहरुले वाइफाई पूर्णरुपमा सुरक्षित रहेको भन्दै आइरहेका छन् ।

तर, अर्कातिर भर्खरै गरिएका विभिन्न अध्ययनले के देखाउँछन् भने वायरलेस प्रविधिले मानव शरीरलाई तुरुन्तै बिरामी बनाउँदैन । तथापि लामो समयसम्मको रेडियो आवृत्तिसँगको संसर्गले मानव शरीरको कम गर्ने क्षमतालाई असर गर्छ । र, क्यान्सर तथा न्यूरो-डिगिनिरेटिव रोगहरु बढ्न मद्दत गर्छ ।

त्यसैले वाइफाई स्वास्थ्यको लागि खतरा छ भन्ने कुरा इन्टरनेशनल एजेन्सी फर रिसर्च अन क्यान्सरले उल्लेख गरेको छ । तर, यसको लागि पर्याप्त अध्ययनहरु हुन् बाँकी नै छ । जुन अहिले अन्तर्राष्ट्रिय स्वास्थ्य समुदाय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य संगठनहरुमा बहसको विषय बनेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार धेरै लामो समयसम्म रेडियो विकिरण केन्द्रको नजिक बस्ने वा संसर्गमा आउनेहरुमा विभिन्न किसिमका क्यान्सरको सम्भावना हुन्छ । विगतका वर्षहरुमा गरिएका वैज्ञानिक अध्ययनहरुले पनि रेडियो विकिरण र क्यान्सरको बीचमा गहिरो सम्बन्ध भएको उल्लेख गरेका छन् ।

त्यस्तै वायरलेस प्रविधिले हानिकारक विकिरण फैलाएको हुन्छ, जसलाई हामीले देख्न र अनुभव गर्न सक्दैनौं । जसले मानव शरीरमा प्रवेश गरी कोषाणुको डिएनएमा असर गर्ने इन्ट्रोडक्सन टु कम्प्युटेसनल मलिकुलर बायोलोजी नामक किताबमा उल्लेख छ ।

विभिन्न समयमा गरिएका अध्ययनहरुको रिपोर्ट अनुसार वायरलेसबाट निक्लने विकिरणहरु विभिन्न प्रकारका रोगको कारण बन्छन् । जस्तैः पुरुषमा बाँझोपन, गर्भपतनको खतरा, मस्तिष्क क्यान्सर, कान सुन्ने क्षमता ह्रास हुनु, पेटभित्रको बच्चालाई असर, क्यान्सर बढ्ने खतरा, पार्किन्सन रोग, अल्जाइमर रोग, मुटु रोग, दम, निद्रा नलाग्नु, ल्युकेमिया, उच रक्तचाप, त्रुटिपूर्ण जन्म, बाथ ज्वरो, विभिन्न प्रकारका बच्चाका क्यान्सर, इलेक्ट्रिकल संवेदनशीलता, स्तन क्यान्सर , प्रतिरक्षा प्रणाली इत्यादि ।

इन्भाइरोमेन्टल रिसर्च भन्ने प्रसिद्ध जर्नलमा प्रकाशित लेख अनुसार वाइफाईको कारण ओक्सिडाइटी तनाव सुक्राणुरटेस्टिकुलर क्षति, पुरुषमा बाँझोपन, मनोरोग, इइजीमा परिवर्तन, अस्वभाविक कोषहरुको मृत्यु, सेलुलर डिएनए क्षति, इन्दोक्राइन हार्मोन परिवर्तन र क्याल्सियम अधिभार हुन्छ भन्ने कुरालाई जोड दिएको छ ।

**वाइफाईको संसर्ग कसरी घटाउने ?**

१. सम्भव भएसम्म वाइफाईको प्रयोग कम गर्ने ।
२. सुत्नु अगाडि वाइफाई बन्द गर्ने ।
३. प्रयोग गर्ने बेलामा मात्र वाइफाई राउटर खोल्ने ।
४. प्रयोग नभएको समयमा सबै उपकरणहरुसँगको वायरलेसको सम्बन्ध हटाइ दिने ।
५. वाइफाई विकिरणसँग टाढा रहने ।
६. राइट इथरनेट तार प्रयोग गर्ने ।
७. जेसिआर इको-वाइफाई राउटर प्रयोग गर्ने ।

धेरै मोबाइल फोन प्रयोग गर्ने बच्चामा ब्रेन क्यान्सर हुने सम्भावना बढेर जान्छ भन्ने कुरा युरोपियन कमिसनको रिपोर्टमा उल्लेख गरिएको छ । त्यस्तै युरोपियन कमिसन तथा व्यावसायिक र पर्यावरण चिकित्साको संयुक्त अध्ययन अनुसार सेल फोनको विकिरणले मानवको व्यवहार जस्तै ध्यान एकाग्रता र मेमोरी पावरमा पनि असर गर्छ ।

त्यसैले बेलायत, जर्मनी, बेल्जियम, इजरायल, रसिया, फ्रान्स तथा इन्डिया जस्ता देशले आफ्ना देशका बच्चाहरुलाई मोबाइल फोन कम प्रयोग गर्न दिशानिर्देशहरू बनाएका छन् । त्यसैले नेपालमा पनि यी भयका अध्ययन अनुसन्धानलाई ध्यानमा राखी समयमा नै उचित कदम चाल्नुपर्ने देखिन्छ जसले गर्दा भविष्यमा रोगको कारणले हुने आर्थिक, सामाजिक तथा मानसिक बोझ कम गर्न सकिन्छ ।

# शिवसताक्षीमा महिला फुटवलको तयारी

**झापा, साउन १३।** झापामा महिला नकआउट फुटबल प्रतियोगिताको तयारी गरिएको छ ।

शिवसताक्षी नगरपालिकाको खेलकुद बिकास समितिले आयोजना गर्ने सो प्रतियोगिता १ नम्वर प्रदेश स्तरीय भएको आयोजक शिवसताक्षी नगरपालिका खेलकुद विकास समितिले जनाएको छ । आयोजकले उक्त प्रतियोगितालाई प्रथम उपमेयर महिला नकआउट फुटबल प्रतियोगिता भनेर नाम दिएको छ ।

सोमबार नगरपालिकामा पत्रकार सम्मेलनको आयोजना गर्दै झापा, मोरङ र इलामका १० टिम सहभागी हुने आयोजक समितिले जनाएको छ । शिवसताक्षी- ११ स्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा साउन १५ गते देखि २२ गतेसम्म सञ्चालन हुने आयोजक समितिले जनाएको छ ।

सो प्रतियोगितामा झापाका सतासीधाम स्पोर्टिङ्ग क्लव, झापा महिला एफसी, रोयल क्लव दमक, जोइन स्पोर्टिङ्ग क्लव बिर्तामोड, पारिजात महिला एफसी, शिवसताक्षी ११ महिला टिम झिलझिले, सुरुङ्गा एफसी कनकाई, जुनतारा एफसी खुदुनाबारीको सहभागिता रहने बताइएको छ ।



त्यस्तै मोरङ्गको उर्लावारी नगर खेलकुद विकास समिति र चुलाचुली महिला एफसी इलाम सहभागी हुने आयोजक समितिका अध्यक्ष फुर्वा लामाले बताएका छन् । प्रतियोगिता सञ्चालनका लागि आयोजकले ४ लाख ५४ हजार खर्चको अनुमान गरेको छ । शिवसताक्षी नगरपालिकाले दुई लाख सहयोग गर्ने नगर प्रमुख चन्द्रकुमार सेर्माले बताए ।

चालू आवको नगरसभाबाट स्वीकृत खेलकुद विकासका लागि बिनियोजित ३० लाख मध्येबाट दुई लाख प्रथम शिवसताक्षी उपमेयर महिला नकआउट फुटबल प्रतियोगितामा खर्च हुनेछ । प्रतियोगिताका विजेताले नगद ५१ हजार र उपविजेतालाई ३१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजक समितिले जनाएको छ ।

प्रतियोगिताका सर्वोकृष्ठ महिला फुटबलरलाई नगद पाँच हजार, सर्वाधिक गोलकर्तालाई तीन हजार प्रदान गर्ने आयोजक समितिले जनाएको छ । यस्तै प्रतियोगिता भरका उत्कृष्ठ गोल रक्षक, उदयमान, मिड फिल्डर, फरवार्डलाई जनही २५ सय र म्यानअफदी म्याचलाई एक हजार प्रदान गरिने आयोजक समितिले जनाएको छ ।

# एकल तथा जोडी आमाबुबालाई सम्मान



**बिर्तामोड, साउन १३।** ह्राङला ह्यूल्वा (हाम्रो समूह) ऊँ बुद्धटोल बिर्तामोड- ५ को आयोजनामा आठजना एकल तथा जोडी आमाबुवालाई सम्मान गरिएको छ ।

विश्व आमाबुवा दिवसको अवसर पारेर आठ जना एकल आमाबुवा र आठ जना जोडी आमाबुवालाई सम्मान गरिएको हो । पछिल्लो समय छोराछोरीले आफ्ना आमाबुवाप्रति गर्नुपर्ने कर्तव्य भुल्दै गएकाले छोराछोरीलाई आफ्ना आमाबुवा प्रति गर्नुपर्ने कर्तव्य बोध गराउन यस्तो कार्यक्रमको आयोजना गरिएको संस्थाका कोषाध्यक्ष पदमबहादुर तामाङले बताए ।

संस्थाका अध्यक्ष बलबहादुर तामाङको अध्यक्षता तथा बिर्तामोड-५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङदेनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी उपाध्यक्ष पवित्रा सुवेदीले स्वागत गरेकी थिइन् । कार्यक्रममा छ जना एकल आमा दुई जना बुवा र आठजोडी आमाबुवालाई जनही नगद एक हजार एक सय, दोसल्ला, फलफूल, खानेकुरासहितले सम्मान गरिएको थियो । सोही कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा आठसम्म अध्ययनरत् १७ जना बिद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको थियो । उनीहरुलाई कापी, कलम प्रदान गरिएको थियो ।

त्यस्तै सोही दिन संस्थाको सातौं साधारण सभा समेत गरिएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष बलबहादुर तामाङले भावी प्रतिवेदन र संस्थाका कोषाध्यक्ष पदमबहादुर तामाङले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको साधारणसभाले बलबहादुर तामाङको अध्यक्षतामा नयाँ कार्यसमिति समेत चयन गरेको थियो ।

कार्यक्रममा बिर्तामोड-५ का वडा सदस्य लक्ष्मीप्रसाद बास्कोटा, बिर्तामोड-५ ब्लक नं. ३ का संयोजक ओमभक्त सेढाईं, केशव ढकाल, नेपाल तामाङ घेदुङ संघ बिर्तामोड-५ का अध्यक्ष भीमबहादुर योञ्जन, जीवनकुमार पौडेल लगायतले शुभकामना दिएका थिए । संस्थाले स्थापनाकालदेखि नै भलाई कोष स्थापना गरेको र आफ्ना सदस्यहरुलाई नगद दुई हजारदेखि ५१ हजारसम्म प्रदान गर्दै आएको संस्थाका कोषाध्यक्ष पदमबहादुर तामाङले बताए । कार्यक्रमको सञ्चालन संस्थाका सहसचिव खड्गप्रसाद तिवारीले गरेका थिए ।

# सतासीधामको सप्ताह



**दूधे, साउन १३।** सतासीधाम जेसीजले जेसीज सप्ताह पूर्वको धार्मिक तथा पर्यटकीय सताक्षीधामस्थित हरिवेद विद्यालयका छात्रलाई शैक्षिक सामग्री वितरण गरेर उद्घाटन गरेको छ ।

विद्यालयका २१ जना वटुकलाई सेतोपाटी, कालोपाटी, कापी, बलपेन, मार्कर पेन वितरण गरेर १८ गतेसम्म सञ्चालन हुने जेसीज सप्ताहको उद्घाटन गरिएको जेसीज सप्ताह कार्यक्रमका संयोजक निरोज दुलालले बताए । १६ गते दूधेमा रक्तदान कार्यक्रम, १८ गते सतासीधाम जेसीजको कवर्डहलमा व्याडमिन्टन प्रतियोगिता लगायतका कार्यक्रम हुने उनले बताए ।

सताक्षीधाममा आयोजित कार्यक्रम गोलोक गोवर्द्धन गौशालाका पिठाधीस आचार्य नन्दकिशोर भारद्वाजको प्रमुख आतिथ्यमा भएको थियो । सतासीधाम जेसीज वर्ष २०१९ का अध्यक्ष दिनेश बाह्रकोटीको अध्यक्षतामा भएको कार्यक्रममा शुलभ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्ण खरेल लगायतले शुभकामना दिएका थिए ।

जेसीजका महासचिव कुवार साँवाको सञ्चालनमा भएको कार्यक्रमको स्वागत र कार्यक्रमको चौचित्य माथि कार्यकारी उपाध्यक्ष तथा कार्यक्रम संयोजक निरोज दुलालले प्रकाश पारेका थिए भने आस्था वाचन निर्मला प्रधानले गरेकी थिइन् ।

# धुलाबारीमा सार्वजनिक शौचालय

**धुलाबारी, साउन १३।** झापाको धुलाबारीमा बजार स्थापना भएको चार दशकपछि बल्ल सार्वजनिक शौचालय बनेको छ ।

मेचीनगर नगरपालिका-१० मा रहेको धुलाबारी बजारको मध्यभागमा नगरपालिका र मेची उद्योग वाणिज्य संघको साझेदारीमा सुविधा सम्पन्न सार्वजनिक शौचालय निर्माण भएको हो । शौचालयमा महिला र पुरुषको कोठा अलग्गै हुनुको साथै कमोडको बेग्लै कोठा छ ।

मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषि तिम्सिनाका अनुसार ४० वर्षदेखि नेपालको 'हङकङ मार्केट'का रूपमा कहलिएको धुलाबारी बजारमा व्यापारीले सार्वजनिक शौचालयको माग गर्दै आएका थिए । अहिले निर्माण भएको सार्वजनिक शौचालयले विदेशी पर्यटक र किनमेलका लागि आउने स्थानीयलाई सुविधा भएको उनले बताए ।

धुलाबारी बजारमा चिनियाँ र तेस्रो मुलुकको सामान खरीद गर्न भारतको सिक्किम, दार्जिलिङ, शिलगढी, आसाम, मेघालय, नागाल्याण्ड मात्र नभएर भुटानको फुञ्चोलिङ र बङ्गलादेशको पञ्चगढबाट समेत खरिदका लागि आउने गरेको तिम्सिना बताउँछन् ।

शौचालयको निर्माणमा नगरपालिकाले पाँच लाख रुपैयाँ र मेची उद्योग वाणिज्य संघले चार लाख रुपैयाँ लगानी गरेको निर्माण समितिका अध्यक्ष ललित बोहोराले जानकारी दिए ।


## आवश्यकता (बिर्तामोडलाई)

पद : ब्रान्ड प्रमोटर सुपरभाइजर (२ जना)
योग्यताः +२ पास
तलबः १२०००।-+बोनस

पदः ब्रान्ड प्रमोटर (१० जना)
योग्यता : एसएलसी पास
तलबः १०,०००।-+बोनस

पदः इन्टरनेट फाइवर टेक्निसीयन (२ जना), हेल्पर : २ जना

**न्यू जम्स प्लेसमेन्ट एण्ड मल्टी परपोज सेन्टर**
दमक, झापा, युनिक कलेजरोड
फोनः- ०२३-५८६०३६, ९८०३३४६५५९, बिर्तामोड सम्पर्कः ९८२४०७३१०४

## VACANCY

**IN PREMIER LALIGURANS ENG. SCHOOL**
BIRTAMODE-1, PANCHAKANYA PLOTTING,
Contact No. 9817975354

| No of post | Class for Which Required | Mediumof Language | Experience | Qualifkation |
|---|---|---|---|---|
| 2 | Class III & above subject : Eng. Maths and Science | English | Preferable | Degree or 10+2 Passed in Eng Medium |

UNTERESTED CADIDATES MAY APPLY TO ABOVE ADDRESS IMME DIATELY.

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## Urgently Wanted

**Swastika Shishu Sadan English Boarding School** Announce Teacher Vacancy Announcement for the following post.
**Level :** Lower Secondary **Subject :** English
**Number :** 1 **Qualification :** +2 and Above
***Note:*** *Interested Candidates are requested to submit their application with CV within 17th of Shawan.*

Principal
**Swastika Shishu Sadan English Boarding School**
Arjundhara-8, Shanischare Bazar (Jhapa)
Contact: 023-465449, 9816032166


### भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| प्रेमकुमारी पौडेल | कोरोवारी-१ | १२१२ | ०-४-१२ | केशर बा. भुजेल/प्रेम मैनाली |
| " | " | १२३५ | ०-२-२ | " |
| मेहन नेगर विवि | टाघनडुव्वा-४ | ४८२ | ०१६९३.१५ | कोका उर्फ सतार |
| " | " | १६३ | ९३०.०० | राम रिक्षणल अग्रवाल |
| अख्तर अन्सारी | टाघनडुव्वा-२ | २३७ | २८१०.३८ | लेखिलाल शाह इन्दीस नदाक |
| हिरा तामाङ | वाहुनडाँगी-५ | ९७९ | ०-८-० | जय प्रसाद कडेल |
| वाङ्ग राजवंशी | गरामनी-९ | ३४८ | ०६८३०.०० | कविराज/कविराज मरडी सतार |
| राज कुमारी ताजपुरिया | दमक न.पा.-८ | २११५ | ०-१-० | मुनिलाल ताजपुरिया |
| मदनकुमारी भण्डारी न्यौपाने | जुरोपानी-७ | ४३८ | ७९५.०० | वादर/वग्दा मुसहर |
| " | " | ६३६ | ३१७५.०० | " |
| पर्शुराम दुलाल | शिवगञ्ज-५ | २५५९ | ०-१२-० | मंगल हस्दा सतार |
| सामनी गणेश | टाघनडुव्वा-९ | ३१० | १०३८०.०० | सेल्ठु राजवंशी |


## Qatar मा रोजगारको अवसर

**MUHAMAD BIN MISNAD TRANSPORT**
पूर्व स्वीकृति मिति : २०७५/०५/१२ चलानी नं.: ६०११३४४२ LT. No: 212981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाइम | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बिदा | खान सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Heavy Vehicle Driver | 30 | 00 | [illegible] | 1900 | ५९,५८८।- | क नि अ | ८ घण्टा | ६ दिन | क नि अ | छ | छ | २ वर्ष |
| २ | General Supervisor | 00 | 30 | | 2500 | ७८,४०५।- | | | | | | | |

प्रि अन्तरवार्ता घमाघम भईरहेको छ । फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट साउन १६ गते विहिबार (01 Aug) मोक्ष होटल बिर्तामोडमा हुदैछ ।

साथै यसै कम्पनीबाट ४० जना महिला Bus Attendend (Qr. 1500) मा र ४० जना नेपाली लाईसन्स भएका Light Driver हरुको माग भई आएकाले जान चाहन इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला । अन्तरवार्ता साउन १६ गते मोक्ष होटलमा हुदैछ ।

साथै यसै कार्यालयमा Saudi को Sadara Investment Company बाट Public Driver (Sr. 1500), Cook (Sr.3000), Common Labour (Sr. 1500), Senior chef Assistant (Sr. 5000), Assistant Cook (Sr. 2500) र Al-Adan Trading Store बाट ४० जना Flower Maker (Sr. 1500) मा माग भई आएकाले जान चाहन इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

गोन्टेज ओभरसिज प्रा. लि.
सम्पर्क नं: ९८०३६७२२९४, ९८०३४७२२९४, ९८१७९२०२०६, ९८०३०७२२९४, ९८१३६७२२९४, ९८१२२७२२९४